आज मिति २०७८ साल भाद्र १३ गते आइतबारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री बिदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ६२ औं गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | कार्यपालिकामा पदाधिकार पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बिदुर हुँमागाईं, अध्यक्ष | अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | सदस्य | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री बुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | सदस्य | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | सदस्य-सचिव | |
| १८. | विष्णु प्रसाद चौबे - राष्ट्रिय प्रशिक्षक - आमन्त्रित | | |

Scanned with CamScanner

६२ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु मिति: २०७८ भाद्र १३

१. आर्थिक वर्ष २०७८/०७९ को योजना तथा कार्यक्रम कार्यान्वयन कार्यसूची संम्बन्धी
२. दर विश्लेषण सम्वन्धमा।
३. नदीजन्य पदार्थ उत्खनन् छानबिन समितिको प्रतिवेदन सम्वन्धमा।
४. पूर्वाधार तथा आय ठेक्का आव्हान सम्वन्धमा।
५. प्राविधिक कर्मचारी सम्वन्धमा।
६. लघुउद्यम कार्यक्रम सम्वन्धमा।
७. सिस्टममा आधारीत परिमार्जित प्रधानमन्त्रि रोजगार सम्वन्धमा।
८. नँया कर्मचारी करारमा राख्ने सम्वन्धी : रोजगार सहायक, रोजगार प्राविधिक
९. आन्तरीक लेखा परिक्षण कार्यविधि स्विकृत सम्वन्धी
१०. सडक गुरुयोजना पूर्णरुपमा लागू गर्ने घरको नक्शा अनिवार्य गर्ने,
११. शिवम् सिमेन्ट वस्ती, वातावरण संरक्षणका सम्वन्धमा।
१२. बालमैत्री कार्यक्रम कार्यान्वयन सम्वन्धमा।
१३. IEE TOR सम्वन्धी।
१४. विविध

**छलफल तथा निर्णयहरु :**

**१. आर्थिक वर्ष २०७८।०७९ को योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्विकृती सम्बन्धमा।**

यस गाउँपालिकाको चालु आर्थिक वर्षको लागि तयार भएको बजेट, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि तपसिल वमोजिम योजनाहरुको कार्यान्वयन समय सिमा निर्धारण गरी सम्बन्धित शाखा, फाँटलाई जिम्मेवार बनाई खर्च गर्ने निर्णय गरियो।

**तपसिल**

## योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहायक जिम्मेवार निकाय | अनुगमन सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय संकलनको ठेक्का व्यवस्थापन | २०७८ साल आश्विन मसान्तभित्र | गाउँपालिका | सम्बन्धित शाखा ( राजश्व र लेखा शाखा) | उक्त समय सिमा भित्र ठेक्को सूचना आव्हान भएको हुने | आर्थिक ऐन, २०७७ को परिधिभित्र रहेर ठेक्का व्यवस्थापन गर्ने |
| २ | गत आर्थिक वर्ष २०७७।०७८ को आन्तरिक लेखा परिक्षण सम्पन्न गर्ने | २०७८ आश्विन मसान्त भित्र | गाउँपालिका | लेखा र योजना शाखा | आन्तरिक लेखा परिक्षण सम्पन्न भै प्रतिवेदन प्राप्त भएको हुने | प्र.ले.नि.का, को.ले.नि.का र गाउँपालिकाको आ.ले.प इकाईबाट सम्पन्न गर्ने। |
| ३ | योजनाहरुको ठेक्का आव्हान | २०७८ साल आश्विन | गाउँपालिका | योजना, प्राविधिक र लेखा शाखा | ठूला तथा साना आयोजनाहरु छनौट | संघीय समपुरक कोष बाहेह र अन्य |

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

विदुर हु.
अध्यक्ष

| क्र.सं. | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहायक जिम्मेवार निकाय | अनुगमन सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| | गर्ने | मसान्त भित्र | | | गरी ठेक्का आव्हान भएको हुने | निकायबाट हस्तान्तरण भै आएका आयोजना बाहेक गाउँपालिकाबाट विनियोजित बजेट |
| ४ | योजनाहरुको उपभोक्ता समिति गठन | २०७८ साल आश्विन मसान्त भित्र | गाउँपालिका एवं अन्तरगतका वडा कार्यालय | योजना शाखा र प्राविधिक शाखा | सबै गाउँपालिका तथा वडागत आयोजनाको उपभोक्ता समिति गठन भएको हुने | उपभोक्ता समितीले कार्यान्वयन गर्ने आयोजनाहरु |
| ५ | ठेक्काबाट कार्यान्वयन हुने आयोजनाको ठेक्का सम्झौता | २०७८ मंसिर मसान्त भित्र | गाउँपालिका | योजना शाखा र प्राविधिक शाखा | साना तथा ठूला आयोजनाको ठेक्का सम्झौता भएको हुने । | |
| ६ | उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको सम्झौता | २०७८ मंसिर मसान्तभित्र | गाउँपालिका | योजना शाखा र प्राविधिक शाखा | वडास्तरीय तथा गाउँपालिकास्तरीय योजनाहरुको सम्झौता भएको हुने । | |
| ७ | सामाजिक विकास अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयन | २०७८ फाल्गुण मसान्तभित्र | गाउँपालिका | सम्बन्धित शाखा तथा वडा कार्यालय | विषयगत शाखाबाट सम्पन्न हुने । | |
| ८ | आयोजनाको अनुगमन तथा मुल्यांकन | कार्यान्वयन भएदेखि २०७८ फाल्गुण मसान्त भित्र | गाउँपालिका | गाउँपालिका तथा वडास्तरीय अनुगमन समिति | प्रत्येक आयोजनाको अनुगमन प्रतिवेदन तयार भई साप्ताहिक रुपमा भुक्तानि हुने । | |
| ९ | आयोजनाहरुको फरफारक एवं भुक्तानि | २०७८ चैत्र मसान्त भित्र | गाउँपालिका | फरफारक समितिको प्रतिवेदन एवं योजना र लेखा शाखामार्फत | कार्यसम्पन्न भएका योजनाहरुको फरफारक भएको हुने | |
| १० | २०७९।०८० को बजेट तयारी एवं छलफल र स्विकृती | २०७८ जेठ र असार | गाउँपालिका | कार्यपालिका, सम्बन्धित समिति, गाउँसभामार्फत | नँया बजेट, एवं नीति तथा कार्यक्रम तयारी एवं स्विकृत भएको हुने | |

## २. दर विश्लेषण सम्बन्धमा ।

योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि जिल्ला प्रशासन कार्यालयबाट मकवानपुर जिल्लाबाट चालु आर्थिक वर्षका लागि तयार एवं स्विकृत भएको जिल्ला दररेटको आधारमा गाउँपालिकाको प्राविधिक शाखावाट अघिल्लो आर्थिक वर्षहरुमा समेत तयार भई यस बैठकमा पेश भएको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन, नापि किताव एवं बजार मूल्यका आधारमा तयार भएको दर विश्लेषण किताब सर्वसम्मतीमा स्विकृत गर्ने निर्णय गरियो । साथै सोही बमोजिम चालु आर्थिक वर्षका योजना तथा

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

कार्यक्रमहरु कार्यान्वयन गर्ने र जिल्ला दररेट एवं दर विश्लेषणमा नभएका विषयलाई बजारभाउका आधारमा दरभाउपत्र माग गरी लागत अनुमान कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

### ३. नदीजन्य पदार्थ उत्खनन् छानबिन समितिको प्रतिवेदन सम्बन्धमा ।

नदीजन्य पदार्थ उत्खनन् छानविन समितिको मिति २०७८ भाद्र १० को यस बैठकलाई गरिएको सिफारीस बमोजिम नदीजन्य पदार्थ उत्खननमा उठान भएको विवादास्पद विषयवस्तुको समाधान गर्नका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

- मौज्दाद नदीजन्य पदार्थको यथाशिघ्र लिलाम बडाबडमा वोलपत्र आव्हान गरि विक्रि वितरण गर्ने,
- प्राविधिकले गरेको लागत अनुमान भन्दा छानविन समितिले एकीन गरेको मौज्दाद र विक्रि परिमाण फरक आएकोले नदीजन्य पदार्थ उत्खनन् कार्यमा जिम्मेवार प्राप्त कर्मचारीहरुसँग लिखित स्पष्टिकरण लिने,
- नदीजन्य पदार्थ उत्खनन् गाउँपालिकाले स्वयम् गरेको हुनाले मूल्य अभिवृद्धि कर सहित प्रतिसेफ्टी १० रुपैंया १७ पैसामा उत्खनन् गर्दा प्रयोग भएको मेशिनरी साधन र खाना खाजा खर्चको व्यवस्थापन शुल्क प्रति सेफ्टी रु. ३ थप गरी कम्तिमा रु. १३ रुपैंया १७ पैसा प्रतिसेफ्टी रकम असुल हुनेगरी बडाबडमा नदीजन्य पदार्थ लिलाम गर्ने,
- छानविन समितिले दिएको अन्य सुझाव तथा निष्कर्षको नियमानुसार हुनेगरी कार्यान्वयन गर्ने,

### ४. ठेक्का आव्हान सम्बन्धमा ।

चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई विद्युतीय वोलपत्र विधिमार्फत सिलवन्दी दरभाउपत्र तथा वोलपत्र आव्हान गरी योजना कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**क) पूर्वाधार ठेक्का**

| सि.नं. | योजनाको नाम | बजेट | स्रोत | कार्यान्वयन प्रक्रिया | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | मकवानपुरगढी कोल्ड स्टोर | ४ करोड ४५ लाख | संघिय सरकार समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| २ | सामरि पुल मनकामना मक्रान्चुलि सडक स्ल्याव ढलान | १ करोड | प्रदेश समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ३ | वुढिचौर इक्चुङ सडक स्ल्याव ढलान | १ करोड | प्रदेश समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ४ | फुलवारि ठाटी टोल आपटार रानिशेरा सडक स्ल्याव ढलान | १ करोड | प्रदेश समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ५ | सामरि वरवोट | १ करोड | प्रदेश समपुर तथा | इ - विडिङमार्फत | योजना तथा |

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

विदुर डुमागाईं
अध्यक्ष

| सि.नं. | योजनाको नाम | बजेट | स्रोत | कार्यान्वयन प्रक्रिया | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| | मक्रान्चुलि मगरडाडा वेलिबृज सडक | | आन्तरिक कोष | राष्ट्रियस्तरको खुल्ला वोलपत्र | प्राविधिक शाखा |
| ६ | भालुखोला च्याफल भन्ज्याङ भालुखोला वाग्दलि सडक स्ल्याव ढलान | १ करोड | प्रदेश समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ७ | ज्यामिरे खैरेनि ज्यामिरे सोलिथुम सडक स्ल्याव ढलान | १ करोड | प्रदेश समपुर तथा आन्तरिक कोष | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |
| ८ | छाप खानेपानि योजना | ४७ लाख | प्रदेश विशेष अनुदान | इ - विडिङमार्फत राष्ट्रियस्तरको खुल्ला वोलपत्र | योजना तथा प्राविधिक शाखा |

**ख) आय ठेक्का**

त्यसैगरी गाउँपालिको आन्तरीक राजश्व अभिवृद्धी गरी विकास निर्माण गतिविधिलाई अगाडी वढाउनका निमित्त देहाय बमोजिमका क्षेत्रमा आय ठेक्का लगाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | लगाउने क्षेत्र | कार्यान्वयन प्रक्रिया | जिम्मेवार शाखा | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्वाधार सेवा शुल्क | गाउँपालिकाभित्रका मुल सडकहरुमा (राजमार्ग बाहेक) | वडावडमा आय ठेक्का मार्फत | योजना तथा राजश्व शाखा | |
| २ | मकवानपुरगढी प्रवेश र पार्किङ्ग शुल्क | ऐतिहासिक मकवानपुरगढी पार्किङ र प्रवेशद्धारमा | आर्थिक ऐनमा तोकिएको दरमा वडावडमा आय ठेक्का मार्फत | योजना तथा राजश्व शाखा | |
| ३ | माटोमा कर | प्रदेशले तोकेको दररेटमा माटो निकासी गर्ने साधन | वडावडमा आय ठेक्का मार्फत | योजना तथा राजश्व शाखा | |
| ४ | मौज्दाद नदीजन्य पदार्थ वडावडमा लिलाम वोलपत्र | सामरी खोला किनारमा आ.व. २०७७/०७८ थुपारीएको मौज्दाद नदीजन्य पदार्थ | वडावडमा आय ठेक्का मार्फत | योजना तथा राजश्व शाखा | |

**५. प्राविधिक कर्मचारी सम्बन्धमा ।**

यस गाउँपालिका तथा अन्तरगतका वडाहरुमा सिभिल तर्फ कार्यरत प्राविधिक कर्मचारीहरुलाई गाउँपालिकाको फरक फरक भुगोलमा काम गर्ने अनुभव दिलाउन प्रत्येक वडामा आन्तरीक रुपमा सरुवा गरी व्यवस्थापन गर्नुपर्ने भएकाले प्राविधिक शाखासँगको समन्वयमा प्राविधिक कर्मचारी आन्तरीक सरुवा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**६. लघुउद्यम कार्यक्रम सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, बागमती प्रदेश, नेपाल

विदुर डुमागाईं
अध्यक्ष

विदुर हुमागाईं
अध्यक्ष

लघुउद्यम विकास तथा गरीबि निबारण (MEDPA) कार्यक्रम अन्तरगत यस गाउँपालिकालाई विनियोजन भएको लघुउद्यम कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा उक्त कार्यक्रम यस गाउँपालिकाका सबै वडामा सञ्चालन गर्ने निर्णय गरियो ।

७. <u>सिस्टममा आधारीत परिमार्जित प्रधानमन्त्रि रोजगार सम्बन्धमा ।</u>
यस गाउँपालिकाको लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम सम्बन्धि सफटवयरमा प्रविष्टि भई प्राथमिकतामा परेका प्रत्येक वडाका वेरोजगार व्यक्तिहरुलाई वेरोजगार संख्याका आधारमा प्राप्त बजेट बाँडफाँड गरी योजना कार्यान्वयनमा तथा सञ्चालन गरिने भएकोले अघिल्लो आर्थिक वर्षमा चालु आर्थिक वर्षका लागि वडागत रुपमा फारम भरी वडाबाट यस गाउँपालिकामा पठाइएका व्यक्तिहरुलाई प्रधानमन्त्रि रोजगार कार्यक्रम सम्बन्धी निर्देशिका तथा कार्यविधि बमोजिम काममा लगाई कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

८. <u>नँया कर्मचारी करारमा राख्ने सम्बन्धी</u>
प्रधानमन्त्रि रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार शाखामा एक जना रोजगार संयोजक सहित रोजगार सहायक र रोजगार प्राविधिक सब इन्जिनियर समेत रहने व्यवस्था भएकाले रोजगार सहायकलाई नियमानुसार सेवा करारमा नियुक्त गरी प्रधानमन्त्रि रोजगार कार्यक्रम कार्यान्वयनमा संलग्न गराउने निर्णय गरियो । साथै सिभिल तर्फ १ जना सब इन्जिनियर राख्ने निर्णय गरियो ।

९. <u>आन्तरीक लेखा परिक्षण कार्यविधि स्विकृत सम्बन्धी</u>
स्थानीय सरकारलाई उपलब्ध स्रोत साधनको परिचालन एवं उपयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारीता ल्याई आर्थिक सुशासन कायम गर्न, सरकारी खर्चहरु कानूनद्वारा सिमावद्ध, सुव्यवस्थित एवं प्रभावकारी बनाउन नियमानुसार आन्तरीक लेखापरिक्षण गराउनुपर्ने प्रावधान अनुरुप यस गाउँपालिकाको आन्तरीक लेखा परिक्षण शाखा मार्फत आन्तरिक लेखा परिक्षण गराउन सो सम्बन्धी **मकवानपुरगढी गाउँपालिकाको आन्तरिक लेखा परिक्षण सम्बन्धि कार्यविधि, २०७८** स्विकृत गर्ने निर्णय गरियो ।

१०. <u>सडक गुरुयोजना पूर्णरुपमा लागू गर्ने घरको नक्शा अनिवार्य गर्ने,</u>
अघिल्लो आर्थिक वर्ष देखिनै गाउँपालिका स्तरीय सडक व्यवस्थापन योजना तथा घर नक्शा पास सम्वन्धी कार्यविधि पारीत गरि कार्यान्वयनमा ल्याइएकोमा नँया घर बनाउदा पुरा गर्नुपर्ने विधिका सम्बन्धमा अपेक्षाकृत प्रगति हासिल नभएकोले अभिलेखिकरण एवं प्रमाणिकरण गर्न तथा नँया घर नक्शा बनाउने कार्यलाई प्रभावकारी बनाउन सडक मापदण्ड तथा गुरुयोजना बमोजिम सूचना प्रवाह गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

११. <u>शिवम् सिमेन्ट बस्ती, वातावरण संरक्षणका सम्बन्धमा ।</u>
सामरी खोलामा वर्षेनी आउने वाढीले खोलाको सतह बढ्ने र किनारका बस्तिहरु जोखिममा रहने समस्या निवारण गर्न, शिवम् सिमेन्टले ढुंगा उत्खनन् गर्ने खानीहरुबाट आउने ओभरबर्डेन व्यवस्थापन गर्न सो उद्योगलाई वस्ति एवं वातावरण संरक्षणको आवश्यक योजनाहरु यस वर्ष उत्खननपूर्व तयार गरी कार्यान्वयन गर्न गराउन ताकेता गर्ने निर्णय गरियो ।

१२. <u>बालमैत्री कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।</u>
**बालमैत्री स्थानीय शासन, मकवानपुरगढी गाउँपालिकाको मूख्य अभियान** भन्ने मूल नाराका साथ गत मिति २०७७ माघ २० गते गरिएको सामुहिक प्रतिवद्धता बमोजिम बालमैत्री अभियानमुलक कार्यक्रमहरुलाई निरन्तरता दिनका लागि तपसिल बमोजिम निर्णय गरियो ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

विदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

बिदुर हुमागाईं
अध्यक्ष

तपसिल

क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा पठाइएको **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८** बमोजिम बालमैत्री कार्यक्रमहरु कार्यान्वयन गर्ने,

ख) उल्लेखित निर्देशिकाको दफा १६ बमोजिम गाउँपालिका स्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिम बालमैत्री स्थानीय शासन समिति पुनःगठन गर्ने,

तपसिल

- गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाई : अध्यक्ष
- गाउँपालिका उपाध्यक्ष श्री हर्कमाया रुम्बा : उपाध्यक्ष
- वडा नं. १ देखि ८ सम्मका वडाध्यक्ष ८ जना : सदस्य
- गाउँ कार्यपालिका सदस्य ६ जना : सदस्य
- स्वास्थ्य संयोजक श्री ध्रुव प्रसाद लामिछाने : सदस्य
- शिक्षा संयोजक श्री राम वहादुर घलान : सदस्य
- महिला तथा बालवालिका शाखा प्रमुख श्री मन्दिरा थापा : सदस्य
- खानेपानी स्वच्छता तथा सरसफाई समितिका अध्यक्ष श्री कृष्ण प्र. पोखरेल : सदस्य
- गैरसरकारी संस्थाको तर्फबाट शिव चौलागाईं : सदस्य
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री शिव प्रसाद पुडासैनी: सदस्य
- महिला स्वास्थ्य स्वयंसेवीका श्री राधिका सापकोटा : सदस्य
- पालिकास्तरीय बाल सञ्जालका बालक श्री ..... : सदस्य
- पालिकास्तरीय बाल सञ्जालकी बालिका श्री ....... : सदस्य
- संघ संस्थाको तर्फबाट १ जना महिला श्री देवकी चौलागाईं : सदस्य
- बालमैत्री सम्पर्क व्यक्ति श्री राम प्रसाद दाहाल : सदस्य
- प्रमुख प्रशासकिय अधिकृत श्री रामकुमार पुडासैनी : सदस्य-सचिव

ग) उल्लेखित निर्देशिका बमोजिम वडास्तरमा गठन हुने **बालमैत्री स्थानीय वडा समिति** गठन गर्न वडा कार्यालयलाई जानकारी गराउने ।

घ) गाउँपालिका तथा प्रत्येक वडामा बालमैत्री शाखा स्थापना गरी आवश्यक फर्निचर तथा सामाग्री व्यवस्थापन गर्ने,

ङ) गाउँपालिका कार्यालयमा स्तनपान कक्ष तयार गर्ने,

च) वडा कार्यालयहरु बालमैत्री अभियानलाई तदारुकताका साथ प्रभावकारी ढंगले अगाडि बढाउने,

छ) वडा कार्यालयहरुमार्फत टोल विकास संस्थाहरुलाई बालमैत्री अभियानमा क्रियाशिल गराउने,

ज) प्रदेश मूख्य मन्त्रि कार्यालय तथा जिल्ला समन्वय समितिमा हालसम्म भएको बालमैत्री कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी पठाउने ।

**१३. IEE TOR सम्बन्धी ।**

नदीजन्य पदार्थ उत्खनन् कार्यलाई अगाडि बढाउन तपसिल वमोजिमको सामरी खोलाको ढुंगा, गिट्टी वालुवा संकलन तथा उत्खनन् कार्यको लागि तयार पारेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको कार्यसूची (TOR) स्विकृत गर्ने निर्णय गरियो ।

१. मकवानपुरगढी गाउँपालिका वडा नं. २ र ६ स्थित सामरी खोलाको ढुंगा, गिटी, वालुवा संकलन उत्खनन् कार्यको लागि तयार गरेको प्रारम्भिक परिक्षण प्रतिवेदनको कार्यसूची (TOR),

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

बिदुर हुमागाईं
अध्यक्ष

२. मकवानपुरगढी गाउँपालिका वडा नं. ३ र ५ स्थित सामरी खोलाको ढुंगा, गिटी, बालुवा संकलन उत्खनन् कार्यको लागि तयार गरेको प्रारम्भिक परिक्षण प्रतिवेदनको कार्यसूची (TOR),
३. मकवानपुरगढी गाउँपालिका वडा नं. ३, ५ र ६ स्थित सामरी खोलाको ढुंगा, गिटी, बालुवा संकलन उत्खनन् कार्यको लागि तयार गरेको प्रारम्भिक परिक्षण प्रतिवेदनको कार्यसूची (TOR),
४. मकवानपुरगढी गाउँपालिका वडा नं. ४ र ५ स्थित सामरी खोलाको ढुंगा, गिटी, बालुवा संकलन उत्खनन् कार्यको लागि तयार गरेको प्रारम्भिक परिक्षण प्रतिवेदनको कार्यसूची (TOR),

१४. <u>विविध</u>

विविध सम्बन्ध तपसिलको निर्णय गरियो ।

क) गाउँपालिकाले आन्तरिक बजेट व्यवस्थापन गरी सेवा करारमा राखेका कर्मचारीलाई दिइएको पारिश्रमिकमा साउन महिना देखिनै लागू हुने गरी मासिक रु. २००० (दुई हजार) थप गर्ने मिति २०७८ असार ३१ को निर्णयलाई अनुमोदन गर्ने,

ख) मकवानपुरगढी वडा नं. ३ र ६ जोड्ने निर्माणाधिन वेलिवृजको ठेकेदार युथ कन्ट्रक्सन सँगको कार्यसम्पन्न म्याद असार मसान्तदेखि समाप्त भएकोले सो ठेकेदारसँगको कार्यसम्पन्न म्याद आश्विन मसान्तसम्म लागू हुने गरी म्याद थप गर्ने,

ग) निर्माणाधिन सामुदायिक स्वास्थ्य इकाई भवन वडा नं. ३ को RB Urban Builder and suppliers सँग गरेको सम्झौता अनुसारको कार्यसम्पन्न म्याद असार मसान्तदेखि समाप्त भएकोले सो ठेकेदारसँगको कार्यसम्पन्न म्याद आश्विन मसान्तसम्म लागू हुने गरी म्याद थप गर्ने,

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner